# श्री ज्यामिरे सामुदायिक वन उपभोक्ता समूह,

## सुनवल-७ नवलपरासी (ब.सु.प.)

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रि सम्बन्धि सूचना

**दोश्रो पटक सूचना प्रकाशन मिति : २०८३।०६।३०**

श्री डिभिजन वन कार्यालय, नवलपरासी (ब.सु.प.) को च नं. २८१० मिति २०८३।०३।३२ गतेको लिलाम विक्रि सहमति अनुसार श्री **ज्यामिरे** सामुदायिक वन उपभोक्ता समूह सुनवल-७, नवलपरासी (ब.सु.प.) को वनबाट आ व २०८२।०८३ मा पुनरुत्पादन कटान तथा ढलापडा रुखहरु कटानबाट उत्पादन भई **समुहको घाटगद्दीमा लट नं. १, १०, ११ र १२** कायम भएको निम्न परिमाणको गोलिया काठ तथा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकोले दाश्रो पटक यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावार कारोबारका लागि सूचिकृत फर्म वा कम्पनिले यो सूचना **मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा** प्रथम पटक प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिन भित्र बोलपत्र फाराम खरिद गरी **१६ (सोह्र) औं** दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

१) वन पैदावारको विवरण :
२)

| वन पैदावारको विवरण | | | | | मुल्याङ्कन (रु) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| **लट नं.** | **जात** | **ग्रेड** | **थान** | **इकाइ** | **परिमाण (क्यू.फि.)** | **न्यूनतम रकम रु** | **संकलन खर्च** | |
| १ | साल | ए | २७ | क्यू.फी. | ४३२.५५ | ५४०६८७.५ | प्रति क्यु.फि रु १४६।- | धांग नं. २ र ३ |
| | | वी | ५६ | क्यू.फी. | ५१८.४५ | ४६६६०५.० | | |
| | | सी | ९६ | क्यू.फी. | ३६२.११ | २१७२६६.० | | |
| | | डी | १३ | क्यू.फी. | १९.९४ | ५९८२.० | | |
| | | जम्मा | १९२ | | १३३३.०५ | १२३०५४०.५ | | |

| वन पैदावारको विवरण | | | | | मुल्याङ्कन (रु) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| **लट नं.** | **जात** | **ग्रेड** | **थान** | **इकाइ** | **परिमाण (क्यू.फि.)** | **न्यूनतम रकम रु** | **संकलन खर्च** | |
| १० | साल दाउरा | | १० | चट्टा | १०.०० | १२००००.० | प्रति चट्टा रु १२०००।- | |
| | | **जम्मा** | १० | | १०.०० | १२००००.० | | |

| वन पैदावारको विवरण | | | | | मुल्याङ्कन (रु) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| **लट नं.** | **जात** | **ग्रेड** | **थान** | **इकाइ** | **परिमाण (क्यू.फि.)** | **न्यूनतम रकम रु** | **संकलन खर्च** | |
| ११ | साल दाउरा | | १० | चट्टा | १०.०० | १२००००.० | प्रति चट्टा रु १२०००।- | |
| | | **जम्मा** | १० | | १०.०० | १२००००.० | | |

| वन पैदावारको विवरण | | | | | मुल्याङ्कन (रु) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| **लट नं.** | **जात** | **ग्रेड** | **थान** | **इकाइ** | **परिमाण (क्यू.फि.)** | **न्यूनतम रकम रु** | **संकलन खर्च** | |
| १२ | साल दाउरा | | ८ | चट्टा | ८.०० | ९६०००.० | प्रति चट्टा रु १२०००।- | |
| | | **जम्मा** | १० | | १०.०० | ९६०००.० | | |

अध्यक्ष
टिचन गुरुङ्ग

३) बोलपत्र खरिद दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :

खरिद गर्ने : क) अन्तिम मिति : २०८३।०७।१३ (ख) समय : बेलुका ५ बजे सम्म

दाखिला गर्ने : क) अन्तिम मिति : २०८३।०७।१४ ख) समय : दिउसो २ बजे सम्म

४) बोलपत्र सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, नवलपरासीबाट खरिद र दाखिला गर्न सकिनेछ ।

५) बोलपत्र साथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम वोलपत्र आव्हान गरेको यस सामुदायिक वनको नाममा **राष्ट्रिय बाणिज्य बैक लि., सुनवलमा रहेको खाता नं.** २४१०१०००००६६१००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।

६) बैङ्क जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ ।

७) बोलपत्र फाराम लट नं. १ को रु. २,०००।- (दुई हजार मात्र) र लट नं. १० देखि १२ को रु. १,०००।- (एक हजार मात्र) पछि फिर्ता नहुने गरी समूहको बैक खातामा वा नगद जम्मा गरी खरिद गर्नु पर्नेछ ।

८) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस तोकिएको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

९) लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, सुची दर्ता र अद्यावधिक प्रमाणपत्र प्रतिलिपी र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर (पि.ए.एन.) दर्ता प्रमाणपत्रको प्रतिलिपि वोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

१०) निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू मिति २०८३।०७।१४ गते दिनको ३:०० बजे साक्षीहरूको रोहवरमा खोलिने छ ।

११) लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको **४५ (पैंतालिस)** दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

१२) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१३) बोलपत्रमा केरमेट भएमा, हस्ताक्षर नभएमा, छाप नभएमा, सकार रकमको अंक र अक्षर नमिलेमा, लट अनुसार परिमाण नमिलेमा बोलपत्र मान्य हुने छैन ।

१४) बोलपत्र खरिद वा दाखिला गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन बोलपत्र खरिद वा दाखिला गर्न सकिनेछ ।

१५) बोलपत्र जहाँबाट खरिद गरेको हो सोही कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

१६) बोलपत्र सदर वा बदर गर्ने अधिकार समुहमा निहित रहनेछ ।

अध्यक्ष
टिचन गुरुङ